# इन्फोग्राफिक्स्

## नेपालमा सामाजिक समावेशिता र लैङ्गिक समानता अभिबृद्धिको लागि समयको प्रयोग सम्बन्धि तथ्याङ्क, २०२२

नेपालमा बहिष्करणमा परेका र नपरेका सामाजिक समूहका महिला र पुरूषहरूले कसरी समय प्रयोग गर्छन्? के बहिष्करणमा परेका समूहका सदस्यहरू बहिष्करणमा नपरेका समूहहरूको तुलनामा समयको गरीबीमा पर्ने हुन्छ? समय प्रयोग सम्बन्धी तथ्याङ्कले यी प्रश्नहरू र कसरी मानिसहरूले आफ्ना दैनिक क्रियाकलापहरूमा समय प्रयोग गर्छन् भन्ने बारे विस्तृत जानकारी दिन्छ।

सन् २०२२ मा नेपालमा गरिएको यस समय प्रयोग सम्बन्धी पहिलो सर्वेक्षणले विभिन्न जातजाति तथा लिङ्ग अनुसार समय प्रयोगको मापन गर्छ। जातजाति तथा लिङ्गको हिसाबले खण्डिकृत तथ्याङ्क सामाजिक स्तर-विन्यास बुझ्न, लैङ्गिक असमानता हेर्न र यस्तो असमानताले कसरी महिला र पुरुषबीच आर्थिक उपार्जन र घरायसी काममा समय विभाजनमा प्रभाव पार्छ भन्ने बुझ्न मद्दत गर्छ। यस सर्वेक्षणमा बाग्मति र मधेश प्रदेशका ३,५०० स्याम्पल घरधुरीको एक महिला र एक पुरुषलाई अन्तर्वार्ता लिइएको थियो।

यस किसिमको जानकारी नीति तथा कार्यक्रम निर्माण तथा सामाजिक परिवर्तनको पैरवीको कामलाई सघाउन आवश्यक आधारभुत कुरा हो।

### स्याम्पल महिला तथा पुरूषको दैनिक क्रियाकलाप


#### आर्थिक उपार्जन र अन्य गतिविधिहरूमा दिइने औसत समय (मिनेट)

| पुरुष | | महिला |
|---|---|---|
| ८४३ | आफ्नो हेरचाह | ८१४ |
| १०८ | फुर्सद र खेलकुद | ८० |
| ९० | सामाजिकीकरण, सामुदायिक सहभागिता र धार्मिक अभ्यासहरू | ६० |
| १३१ | सिकाइ | ८४ |
| ७१ | सामुदायिक सेवा र छिमेकीहरूको लागि गरिने मद्दत | ५७ |
| ८२ | घरपरिवारका सदस्यहरूका लागि गरिने निःशुल्क हेरचाह | १०७ |
| १३६ | आफ्नै घरायसी प्रयोजनका लागि गरिने निःशुल्क सेवा | ३५४ |
| ४४९ | आर्थिक उपार्जनका काम तथा सम्बन्धित गतिविधिहरू | २७५ |

नोटः तलका हरेक अङ्कले डाटासेटमा सामेल भएका स्याम्पल पुरुष तथा महिलाले दैनिक क्रियाकलापमा बिताएको औसत समय बुझाउँछ। स्याम्पलमा समाबेश भएका सबै व्यक्तिहरूको औसत समय भएकोले यसको कुल जोड १,४४० मिनेट हुन आउँदैन। आफ्नो हेरचाह शिर्षक अन्तरगत व्यक्तिगत स्याहार-सम्भार र हेरचाहका कामहरू जस्तै सुत्ने, खाने-पिउने, सरसफाइ गर्ने, स्वास्थको देखभाल, आराम, सोचविचार र यी कार्यहरूसँग सम्बन्धित विषयमा गरिने यात्रा समेत पर्छ।

नेपालमा आर्थिक उपार्जन र घरायसी तथा स्याहारसम्भारको काम दुबै गरी  कुल कामको भार पुरुष भन्दा बढी महिलाहरूले बहन गर्छन् । यसले महिलाहरूलाई अन्य गतिविधिहरूमा संलग्न हुनको लागि समय कम मिल्छ ।

## सामाजिक समूहको आधारमा आर्थिक उपार्जनका काममा र अन्य गतिविधिहरूमा दिइने औसत समय






USAID FROM THE AMERICAN PEOPLE
PURDUE UNIVERSITY
Central Department of Anthropology Tribhuvan University
EAST-WEST CENTER COLLABORATION • EXPERTISE • LEADERSHIP

महिला र पुरुषको दैनिक काममा समयको बाँडफाँड उनीहरूको मुख्य पेसा के हो भन्नेले धेरै प्रभाव पार्छ। दलित र बहिष्करणमा परेका आदिवासी जनजाति पुरुषहरू दैनिक ज्यालादारी काममा अधिकतम निर्भर रहन्छन्। तर लाभान्वित जातजातिका सदस्यहरू नियमित तलब पाउने रोजगारी वा उद्यम, दोकान, चिया पसल तथा अन्य सेवा सम्बन्धी कामहरू जस्ता व्यापार व्यवसायमा संलग्न हुन्छन्।


## सामाजिक समूहको आधारमा पुरुषहरूको पेसा




बहिष्करणमा परेका र लाभान्वित समूहका एक तिहाई भन्दा बढि महिलाहरूको मुख्य पेशा घरायसी काम रहेको छ।

नेपाली पुरुषहरू एक दिनमा औसत ७.५ घण्टा र महिला ४.६ घण्टा आम्दानी हुने काम गर्छन् । यसरी नगद आम्दानी गर्ने पुरुषहरू सबै जातजातिमा महिला भन्दा झण्डै दोब्बर रहेको छ । नगद आम्दानीको काममा संलग्न पुरुषहरू सबैभन्दा बढी मधेशी ब्राम्हण क्षेत्री र त्यस पछि मधेशी अन्य जात र दलित छन् ।


## सामाजिक समूह र लिङ्गको आधारमा
## आम्दानी हुने काममा पारिवारीक श्रम विभाजन




महिलाहरू औसतमा प्रतिदिन घरायसी काम ६ घण्टा गर्छन् भने सोही काम गर्ने पुरुषहरूको औसत समय २.२५ घण्टा मात्र छ । घरायसी काम र स्याहार सुसार गर्ने महिलाहरू पुरुष भन्दा झण्डै तीन गुणा बढी समय यस्तो काममा बिताउछन् । घरायसी र स्याहार सुसारको काममा संलग्न महिलाहरू सबैभन्दा बढी नेवार र मधेशी ब्राम्हण क्षेत्री समुदायमा छन् । पुरुषहरू घरायसी र स्याहार सुसारको काममा सहयोगीको रुपमा मात्र काम गर्छन् ।

पुरुषहरूलाई श्रम बजारवाट आम्दानी हुने काम, फूर्सद, र आफ्नो व्यक्तिगत हेरचाह गर्ने धेरै समय हुन्छ। अझ विषेशगरि ५० प्रतिशत देखि ८० प्रतिशत सम्म विभिन्न जातजातिका समावेश भएका पुरुषहरूलाई यस्तो फुर्सद मिल्दछ भने बहिष्करणमा परेका समूहमा पुरुषहरूलाई यस्तो फुर्सदको समय १० प्रतिशतदेखि ५० प्रतिशत सम्म मात्र रहेको छ।


## सामाजिक समूह र लिङ्गको आधारमा घरायसी र स्याहार सुसारको काममा पारिवारीक श्रम विभाजन




बहिष्करणमा परेका २० प्रतिशत जातजातिका व्यक्ति, विशेष गरि महिलाहरू समावेशी भएका जातजातिका २० प्रतिशत महिला भन्दा बढी समयको गरिबीमा रहेका छन्। समयको गरिबी मापन जम्मा कामको भार वा नगद आम्दानी हुने र घरायसी तथा स्याहारसुसारको कामको कुलको आधारमा गरिएको छ। समयको गरिबी कुल श्रम समयको दुईवटा तुलनात्मक थ्रेसहोल्ड ५०औ पर्सेन्टाईल र ७५औ पर्सेन्टाईलको मापनको आधारमा गरीएको छ।

तलको चित्रमा समयको गरिबी कुल श्रम समयको गरिबीको दुईवटा तुलनात्मक थ्रेसहोल्ड ५०औ पर्सेन्टाईल र ७५औ पर्सेन्टाईलको मापनको आधारमा महिला-पुरुष तथा बहिष्करणमा परेका २० प्रतिशत र नपरेका २० प्रतिशत जातजातिको समयको गरिबीको स्तर देखाइएको छ।

**समयको गरिबीमा परेका व्यक्तिहरूको अनुपात**





सबै भन्दा कम कुल श्रम अवधिको ५०औ पर्सेन्टाईल थ्रेसहोल्ड अर्थात प्रति दिन ५६० मिनेट (९.३ घण्टा) को आधारमा हेर्दा करिब आधा ४९.०४ प्रतिशत स्याम्पलमा परेका व्यक्तिहरू समयको गरिबीमा छन्।

सबै सामाजिक समूहमा महिलाको समयको गरिबी पुरुषको तुलनामा निकै बढी छ। तर बहिष्करणमा परेका सामाजिक समूहको महिलाको समयको गरिबी अरू सबैको तुलनामा अझै बढी छ।


हाल केहि सकरात्मक परिवर्तन भएता पनि लैङ्गिक श्रम विभाजनबारेको दृष्टिकोण सबै जातजातिमा एकै किसिमको रहेको देखिन्छ। अध्ययनमा समावेश भएका सबै जातजाति मध्ये ७५ प्रतिशत महिला तथा पुरुषहरू महिलाको काम भनेको घरको देखभाल गर्नु भन्ने रहेको छ। पुरुषको काम कमाएर ल्याउने र महिलाको काम घरपरिवारको रेखदेख र स्याहार सम्भार हो भन्ने धारणा समावेश भएका समूहमा भन्दा बहिष्करणमा परेका समूहमा बढी देखिन्छ।

## लैङ्गिक कार्य विभाजन प्रति पुरुषहरूको धारणा



आदिवासी जनजाति र पहाडी ब्राम्हण क्षेत्रीहरूमा अन्य जातजातिहरु भन्दा पुरुषले पनि घरायसी र स्याहार सम्भारको काममा सहभागी हुनुपर्छ भन्ने धारणा बढी देखिन्छ। यो कुराले आदिवासी जनजातिमा रहेको जस्तो समतावादी सोच पहाडी ब्राम्हण क्षेत्री समुदायमा पनि विस्तार भएको देखिन्छ।

## लैङ्गिक कार्य विभाजन प्रति महिलाहरूको धारणा




### थप जानकारीको लागि

यस सम्बन्धी विस्तृत जानकारी “समय प्रयोगको कोणबाट नेपालमा सामाजिक बहिष्करण र लैङ्गिक असमानता” शिर्षकमा मुक्तसिंह तामाङ र फानविन योकयिङले तयार पारेका अनुसन्धान प्रतिवेदनमा उपलव्ध छ। यो प्रतिवेदन त्रिभुवन विश्वविद्यालय, मानवशास्त्र विभाग र ईस्टवेस्ट सेन्टरद्वारा सन् २०२२ मा पर्दयू विश्विद्यालय स्थित लासर पल्स नामक परियोजनाको सहयोग र युएसआईडीको आर्थिक सहायतामा संचालन गरिएको अनुसन्धान “नेपालमा सामाजिक समावेशिताको अवस्थाः समयको बाँडफाँड सम्बन्धी अध्ययन (सोसिन सोटा)” मा आधारित छ।


USAID FROM THE AMERICAN PEOPLE
PURDUE UNIVERSITY
Central Department of Anthropology Tribhuvan University
EAST-WEST CENTER COLLABORATION · EXPERTISE · LEADERSHIP